# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८२/०८३

प्रेस विज्ञप्ति नं. : ३९०

मिति: २०८२/१२/ १५ गते

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### ३१ बर्ष कैद सजाय र ४ लाख ५० हजार जरिवाना फैसला भई Gen-Z अन्दोलन फरार प्रतिवादी पुन: लागु औषध खैरो हेरोईन ३०५.७५० ग्राम सहित पक्राउ।

- लामो समयको निग्रानी पश्चात यस कार्यालयबाट खटिएको प्रहरी टोलीले मिति २०८२।१२।१३ गते जिल्ला काठमाण्डौ का.म.न.पा. ७ स्थितबाट लागु औषध मुद्दामा कैद भुक्तान गरी रहेका Gen-Z आन्दोलनमा केन्द्रीय कारागार काठमाण्डौबाट फरार भएका जिल्ला झापा हल्दीबारी गा.पा. वडा १ ठेगाना भएका बर्ष २८ को अन्जान राईलाई लागु औषध खैरो हेरोईन २५३ ग्राम र डिजिटल तराजु थान १ सहित पक्राउ गरिएको।

  निज अन्जान राई उपर लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट बिभिन्न मितिमा ४ वटा मुद्दा दर्ता भई सम्मानित काठमाण्डौ जिल्ला अदालतको आदेशले ३१ बर्ष कैद र ४ लाख ५० हजार जरिवाना ठहर भई केन्द्रीय कारागारमा कैद भुक्तान गरी रहेको अवस्थामा भागी फरार रहेको।

- थप अनुसन्धानको सिलसिलामा मिति २०८२।१२।१४ गते जिल्ला काठमाण्डौ टोखा न.पा. ३ स्थितबाट अन्जान राई संलग्न गिरोहका व्यक्तिहरु जिल्ला झापा बिर्तामोड न.पा. ४ ठेगाना भएका बर्ष ३२ को सुबास भन्ने दोर्जे तामाङ र जिल्ला काठमाण्डौ टोखा न.पा. ३ ठेगाना भएका बर्ष २४ को राहुल डंगोल समेतका २ जनालाई लागु औषध खैरो हेरोईन ५२.७५० ग्राम र डिजिटल तराजु थान १ सहित पक्राउ गरेको।

***पक्राउ प्रतिवादीहरु उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट ५ दिनको म्याद थप भई अनुसन्धान भईरहेको।***








(दुर्गा राज रेग्मी)
प्रवक्ता / सूचना अधिकारी

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]